www.pradeshdaily.com

म.जि.प्र.का.दर्ता नं.-११५

प्रदेश

Pradesh National Daily

राष्ट्रिय दैनिक

वर्ष १३, अङ्क:-५२, २०८१ भदौ २१ गते शुक्रबार (Friday, 6 September 2024), पृष्ठ-४, मूल्य रू.३/-

सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व

- ➩सूचनाको हकको सम्मान र संरक्षण,
- ➩सूचनाको अद्यावधिक र सार्वजनिकीकरण,
- ➩सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था,
- ➩खुला पारदर्शी कार्यसम्पादन,

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

गुडिरहेको नेपाली सेनाको गाडीमा आगलागी



गाडीमा एक्कासी आगलागी : सडकमा गुडिरहेको सैनिकको गाडीमा एक्कासी आगालागी भएको छ । त्रिभुवन राजपथको पालुङबाट सिमभन्ज्याङतर्फ जाँदै गरेको बा.१ ग ३४३६ नम्वरको नेपाल आर्मीको वानटन गाडीमा बिहीबार दिउँसो एक्कासी आगलागी भएको थियो । मकवानपुरको थाहा नगरपालिका-६ स्थित युद्ध भैरव गण तालिम शिविर चनवन व्यारेकका सैनिक सवार रहेको उक्त गाडी आगलागीबाट पूर्ण क्षति भएको इलाका प्रहरी कार्यालय पालुङले जनाएको छ । प्राविधिक गडबढीका कारणले आगलागी हुँदा वानटन गाडी पूर्ण रुपमा क्षतिग्रस्त भएको प्रहरीको भनाइ छ । प्रहरी टोली, नगर प्रहरी र दमकलको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो । आगलागीमा कुनै माननीय क्षति भने भएको छैन ।

मेयर र उपमेयरको पार्टीद्वारा कार्यापालिकाको बैठक बहिष्कार

♦प्रदेश दैनिक

हेटौंडा/ हेटौंडा उपमहानगर पालिकाका मेयर मीनाकुमारी लामा र उपमेयर राजेश बानियाँ आबद्ध राजनीतिक दलले नगर कार्यपालिकाको बैठक बहिष्कार गरेको छ ।

कर समायोजनको लागि विशेष नगरसभाको मिति तोक्न मंगलबार बोलाइएको हेटौंडा उपमहानगरको कार्यपालिका बैठक मेयरको दल नेकपा -एस) र उपमेयर आबद्ध दल नेपाली कांग्रेसले बहिष्कार गरेको हो ।

नेपाली कांग्रेसबाट निर्वाचित उपमेयर राजेश बानियाँसहित ८ जना वडाध्यक्ष र नेकपा -एस)बाट निर्वाचित एकजना वडाअध्यक्षले बहिष्कार गरेपछि मेयर मीनाकुमारी लामाले कार्यपालिका बैठक स्थगित गरेकी छन् । उपमेयर बानियाँ राजश्व परामर्श समितिको संयोजकसमेत हुन् । २९ सदस्यीय कार्यपालिकामा आज बिहीबार बिहान ८ बजेलाई तय भएको बैठकमा १६ जना सदस्य उपस्थित थिए । कर समायोजन गर्ने विषयमा लामो समयदेखि हेटौंडा उपमहानगरमा विवाद जारी रहेको छ । जसको कारणले गर्दा उपमहानगरले चालु आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र योजना अगाडि बढाएको छैन ।

नेपाली कांग्रेसबाट निर्वाचित वडा अध्यक्षहरुले पार्टीमा कर समायोजनको विषयमा छलफल जारी रहेकाले बैठकमा उपस्थित नभएको जानकारी दिएका छन् । करको दर घटाउने विषयमा आवश्यक छलफलबाट मात्रै सम्पूर्ण प्रक्रिया टुंगिने उनको भनाइ छ । बहुमत पुग्दा पनि मेयर लामाले एक पक्षीय रूपमा बैठक स्थगित गरेको भन्दै विशेष नगरसभा माग गरेका नेकपा एमालेबाट निर्वाचित वडा अध्यक्षहरूले आपत्ति जनाएका छन् । हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलले उपमेयरसँग छलफल गरेर मात्रै अर्को बैठक तय गर्ने बताएर मेयरले एकपक्षीय तरिकाले बैठक स्थगित गरेको बताए ।

हेटौंडा-१ का वडाध्यक्षसमेत रहेका उपमहानगरका प्रवक्ता सविन न्यौपानेले उपमेयरसहित कांग्रेसका र नेकपा -एकीकृत समाजवादी)बाट निर्वाचित एक जना गरी १० जना वडा अध्यक्षहरू बैठकमा उपस्थित नभएको जानकारी दिए । उनले अर्को बैठक बोलाएर विशेष नगर सभा बोलाउनेबारे छलफल भइरहेको बताए । न्यौपाने कांग्रेसबाट निर्वाचित वडाअध्यक्ष हुन् ।

मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा साउन अन्तिममा कर वृद्धि विरूद्ध चरणबद्ध आन्दोलन भएको थियो । ३२ साउनमा व्यवसायीसँग उपमहानगरले कर वृद्धिको निर्णय फिर्ता लिनेसहित ८ बुँदे सहमति गरेको थियो । त्यसको दुई दिन अघि ३० साउनमा नेकपा एमालेका बहुमत नगरसभा सदस्यले कर समायोजन गरेर समस्या समाधानका लागि विशेष नगरसभा माग गर्दै मेयर लामालाई लिखित अनुरोध गरेका थिए ।

कानुनत: ३० दिनभित्र विशेष नगरसभा बोलाउनु पर्नेहुन्छ । ३० भदौभित्र विशेष नगरसभा बोलाउनु पर्ने दबावमा मेयर लामा छिन् ।

उपमहानगरमा एक प्रतिशतमा झर्‍यो विद्युत चुहावट

हेटौंडा/ हेटौंडा उपमहानगरपालिका क्षेत्रमा विद्युत् चुहावट एक प्रतिशतमा झरेको छ । विद्युत् चुहाबट नियन्त्रण अभियानअन्तर्गत हुकिङ नियन्त्रण, ग्राहकको बिलिङमा सुधार, लामो समयदेखि बन्द रहेको मिटर परिवर्तन र विद्युत् मिटर रिडिङमा सुधारलगायत प्राधिकरणको प्रणाली सुदृढीकरण भएसँगै आर्थिक वर्ष २०८०/८१ मा पाँच दशमलव ६७ प्रतिशतले विद्युत् चुहावट घटेको हो ।

हेटौंडा क्षेत्रमा गत आव २०७९/८० मा छ दशमलव ६७ प्रतिशत विद्युत् चुहावट हुँदै आएकामा आव २०८०/८१ मा विद्युत् चुहावट एक प्रतशतमा झरेको विद्युत् प्राधिकरण वितरण केन्द्र हेटौंडाका प्रमुख इञ्जिनियर शिवराम यादवले जानकारी दिए । आव २०८०/८१ मा विद्युत् चुहावट नियन्त्रण अभियानका क्रममा चुहावट गर्ने ग्राहकमाथि कारबाही गर्दा रु दुई लाख २९ हजार तीन सय ७९ महसुल संकलन भएको सो कार्यालयले जनाएको छ । लामो समयदेखि विद्युत् महसुल नतिर्ने दुई हजार एक सय ९६ जना ग्राहकको विद्युत् लाइन काटिँदा दुई हजार एक सय १७ ग्राहकले पुन: विद्युत् जडान गराएको र त्यसबाट रु पाँच करोड ६५ लाख ८० हजार चार सय ४३ बक्यौता असुली भएको प्रमुख यादवले बताए ।

विद्युत् मिटर लिएर बिजुली उपभोग गर्ने तर लामो समयसम्म महसुल नबुझाउने प्रवृत्ति बढेकाले विद्युत् लाइन काट्ने अभियान चलाएको उनको भनाइ छ । अभियान सुरु भएपछि महसुल संकलनमा सुधार भएको छ । आव २०८०/८१ म सो कार्यालयले रु दुई अर्ब ५४ करोड ५७ लाख पाँच हजार पाँच सय २३ मूल्य बराबरको विद्युत् बिक्री हुँदा रु दुई अर्ब ४२ करोड ४३ लाख ३१ हजार तीन सय २५ महसूल संकलन भएको प्रमुख यादवले जानकारी दिए । कार्यालयमा ७७ हजार सात सय ६० ग्राहक छन् ।

दैनिक
प्रदेश
PRADESH DAILY NEWSPAPER
समाचार तथा
विज्ञापनको लागि सम्पर्क
नं. ९८४५४६२५१४

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
Madan Bhandari Academy Of Health Sciences
-मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ अन्तर्गत स्थापित)
हेटौंडा अस्पताल संचालन तथा व्यवस्थापन समिति २०७७

सूचना सूचना सूचना

यस अस्पतालमा मिति २०८१/०५/१६ गते आईतबारका दिनदेखि Extended Health Service –EHS_ देहाय बमोजिम संचालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा अनुरोध छ ।

देहाय

१. E.H.S ओ.पि.डी. टिकट उपलब्ध हुने समय : २४ सै घण्टा
२. E.H.S. ओ.पि.डी. संचालन समय : दिनको ठिक ४:०० बजे देखि ६:०० बजे सम्म
३. E.H.S ओ.पि.डी. मा उपलब्ध हुने सेवाहरू
- ● मेडिकल ओ.पि.डी.
- ● सर्जिकल ओ.पि.डी.
- ● बालरोग ओ.पि.डी.
- ● स्त्री तथा प्रसूतिरोग ओ.पि.डी.
- ● मनोरोग ओ.पि.डी.
- ● नशा तथा हार्डजोर्नीरोग ओ.पि.डी.

अन्य
- ●भिडीयो X–ray सेवा
- ●प्याथोलोजी सेवा

४. E.H.S. ओ.पि.डी. सेवामा बिमाको सुबिधा उपलब्ध हुने छैन ।

पुनश्च : सार्वजनिक बिदाको दिनहरूमा E.H.S ओ.पि.डी. सेवा संचालन हुने छैन ।

खुल्यो हेटौंडा-काठमाडौं कान्तिलोकपथ

♦प्रदेश दैनिक

हेटौंडा/ वर्षासँगै पहिरो खस्दा अवरुद्ध बनेको हेटौंडा-काठमाडौं जोड्ने कान्तिलोकपथ सञ्चालनमा आएको छ ।

मकवानपुरको बकैया गाउँपालिका-११ लाम्राङमा पहिरो खस्दा सो सडकमा आवतजावत रोकिएको थियो । उक्त स्थानमा खसेको पहिरो पन्छाइ यातायात सञ्चालनमा ल्याएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

हेटौंडाबाट संघीय राजधानी काठमाडौं जोड्ने त्रिभुवन राजपथ, भीमफेदी-कुलेखानी-फाखेल, सिस्नेरी सडकखण्ड, पूर्वपश्चिम राजमार्ग सबैतिर को बाटोमा यातायात सञ्चालन भइरहेको उनको भनाइ छ ।

प्रो. प्रेमरत्न शाक्य
सम्पर्क नम्बर: ९८०४२३१०००
०५७५२०४३१
०५७५२५४३१

हामी कहाँ रेडिमेट गहना पाउनुको साथै अर्डर बमोजिम गहना बनाइन्छ ।

शाक्य प्लाजामा पसल, अफिस, ट्युसन सेन्टर, वित्तीय संस्थाको लागि कोठा भाडामा समेत रहेको छ ।

पूर्ण शाक्य एण्ड ब्रदर्श

कान्तिराजपथ, हेटौंडा-२

सम्पादकीय

तीजको शुभकामना

नेपाली संस्कृतिमा तीज एक अत्यन्त महत्वपूर्ण चाड हो । यो चाड विशेष गरी हिन्दू महिलाहरूको लागि विशेष महत्व राख्दछ । तर आधुनिक समयमा यसको महत्व र मनाउने तरिकामा केही परिवर्तन आएको छ ।

तीजको धार्मिक महत्व पौराणिक कथाहरूसँग जोडिएको छ । यो चाड भगवान शिव र पार्वतीको मिलनसँग सम्बन्धित छ । परम्परागत रूपमा, महिलाहरूले आफ्ना पतिको दीर्घायुको कामना गर्दै व्रत बस्ने र पूजा गर्ने गर्दछन् । यो चाडले हिन्दू धर्म र संस्कृतिमा दाम्पत्य प्रेमको महत्वलाई प्रतिबिम्बित गर्दछ । तीज केवल धार्मिक उत्सव मात्र होइन, यो सामाजिक एकताको एक माध्यम पनि हो । यस अवसरमा महिलाहरू एक साथ भेला हुन्छन्, दुःख सुख र आफ्ना भोगाईहरू समेटिएका गीत गाउँछन्, नाच्छन् र आफ्ना अनुभवहरू साटासाट गर्छन् । यसले महिलाहरू बीच एकता र सहयोगको भावना बढाउँछ ।

आधुनिक समयमा तीजको अर्थ र महत्व परिवर्तन भइरहेको छ । अब यो चाडलाई महिला सशक्तिकरणको एक माध्यमको रूपमा हेरिन थालिएको छ । महिलाहरूले यस अवसरलाई आफ्ना अधिकार, स्वतन्त्रता र समानताको लागि आवाज उठाउने मञ्चको रूपमा प्रयोग गर्न थालेका छन् । पछिल्लो समयमा तीज मनाउने तरिकामा पनि परिवर्तन आएको छ । धेरै महिलाहरूले अब कडा व्रत बस्नुको साटो स्वस्थ जीवनशैली अपनाउने र आत्मचिन्तन गर्ने अवसरको रूपमा यस दिनलाई प्रयोग गर्छन् । यसले परम्परा र आधुनिकता बीच सन्तुलन कायम गर्न मद्दत गरेको छ ।

तीजको समयमा बजारमा चहलपहल बढ्छ । नयाँ लुगा, गहना र उपहारहरूको किनमेलले ब्यापार बढ्छ । यसले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्छ । तर, अत्याधिक खर्च र फजुलखर्चले नकारात्मक प्रभाव पनि पार्न सक्छ, त्यसमा सबै सजक रहनुपर्छ । साथै तीजको समयमा नदी किनारमा पूजा गर्ने चलनले कहिलेकाहीं वातावरणीय समस्या निम्त्याउन सक्छ । प्लास्टिक र अन्य फोहोरहरू नदीमा फाल्ने प्रवृत्तिले जल प्रदूषण बढाउँछ । यस विषयमा जनचेतना बढाउनु आवश्यक छ ।

निष्कर्ष, तीज हाम्रो संस्कृतिको एक अभिन्न अंग हो । यसको धार्मिक र सांस्कृतिक महत्वलाई कायम राख्दै, हामीले यसलाई समयानुकूल परिमार्जन गर्नुपर्छ । तीजको नाममा हुने विकृतिहरूलाई जरैदेखि उखेलेर फाल्नु जरूरी छ । महिला सशक्तिकरण, सामाजिक एकता र वातावरण संरक्षणजस्ता विषयहरूलाई यस चाडसँग जोड्न सक्यौं भने, तीजको प्रासंगिकता झनै बढ्नेछ । सम्पूर्ण हिन्दु धर्मावलम्बी महिलाहरूलाई तीजको हार्दिक शुभकामना ।

जरूरी टेलिफोन नम्बरहरु

मकवानपुर प्रहरी		एम्बुलेन्स सेवा	
प्रहरी कन्ट्रोल:	१००	नेपाल रेडक्रस	५२०७११
जिल्ला ट्राफिक:	५२०५२२	पद्मपोखरी एम्बुलेन्स:	९८४५१८६०३१
वडा प्रहरी:	५२०२२२	बसामाडी एम्बुलेन्स:	९८४५२२७५७२
पशुपतिनगर इलाका:	५२०५२८	हेटौंडा अस्पताल	५२०३०५
पालुङ इलाका:	६२०७६७	परिवार नियोजन संघ	५२०७४५
मनहरी इलाका:	६२१०२२	मनहरी रेडक्रस:	९८४५१०५८२१
फापरबारी इलाका:	६२११८०	छतिवन रेडक्रस:	९८४५०२८०६०
भीमफेदी इलाका:	६२१४६२	भीमफेदी रेडक्रस:	६२०६२२
बारुणयन्त्र	५२०६७७/१०१	पालुङ रेडक्रस:	९८१४२०७८०१
		बज्रबाराही रेडक्रस:	९८४५३०२९८८
		सिविन बाल हेल्पलाइन	१०९८

✿✿✿ आजको राशीफल ✿✿✿

मेष :	डर चिन्ता
वृष :	धन लाभ
मिथुन :	खर्च बढ्ने
कर्कट:	अपव्यय
सिंह :	मित्र भेट
कन्या :	प्रेममा सफलता
तुला :	सन्तान सुख
वृश्चिक :	पढाईमा रुची
धनु :	समयले साथ दिने
मकर :	व्यवसायमा लाभ
कुम्भ :	शत्रु नाश
मीन :	धामिर्क रुची

तपाईको आजको दिन शुभ रहोस् ॥

यस्तो होस् तीज : सभ्य, सुसंस्कृत र संवेदनायुक्त

डा. अम्बिका अर्याल

हरेक प्राणीको आफ्नो अस्तित्व छ, प्रकृति छ, धर्म र स्वभाव छ । सबै प्राणीले प्राकृतिक धर्मकै अनुशरण गर्दै आइरहेको सन्दर्भमा आफूलाई चेतनशील र पृथक् घोषणा गर्दै प्राकृतिक गुणको अतिक्रमण मान्छेले नै गरिरहेको छ । यस क्रममा मान्छेले प्रकृतिमाथि विजयको उद्घोष गर्दै अनेक नीति-नियम, परम्परा, संस्कार, धर्म, दर्शन, चिन्तन, सिद्धान्त आदिको विकास गरिरह्यो ।

जेहोस् समय क्रमसँगै जीवन सुन्दर बनाउने कलाको खोजीमा मान्छे नै अग्रसर बनिरह्यो । प्राकृतिक धर्मलाई अन्य केही प्राणीले जसरी अनुशरण नगरेर यसमा समय र परिस्थितिअनुकूल परिमार्जनको खाँचो महसुस गरिरह्यो । शताब्दीयौंदेखि खारिएका अनुभव, भोगाइ र त्यसको अभ्यासबाट निर्मित संस्कारको आफ्नै महत्व छ ।

यद्यपि कतिपय संस्कारले वर्तमानका सापेक्षमा परिमार्जनको ढोका चियाइरहेका छन् भने कतिपयले वर्तमानमा विकृति फैलाउने संस्कृति बन्ने भयबाट ग्रसित हुनुपरेको छ । यस्तै संघारमा लर्खराएर उभिएको एक संस्कृति हो :हिन्दु नारीहरूको महान् चाड हरितालिका तिज ।

सत्य युगमा हिमालयकी छोरी पार्वतीले निराहार व्रत बसेर महादेव पति पाएको मिथकको अनुशरण गर्दै हामीकहाँ हिन्दु नारीहरू व्रत बस्ने गरेको परम्परा छ । असल पति पाउने आशा तथा पतिदेवको सुस्वास्थ्य र दीर्घायुको कामना गरिएका पूजापाठ एवं कठोर व्रत एउटा पाटो छ भने अर्कातिर महिनावारीको पाप पखाल्न पुरुषकै नेतृत्वमा पूजापाठ गर्ने र पवित्र भएँ भन्ने भ्रम पाल्ने पाटो छ ।

अब यहाँ प्रश्न उठ्न सक्छ, के व्रत बस्नु र पूजा गर्नु नराम्रो हो ? शरीर शुद्धी र मन शुद्धीका हिसाबले दुवै उत्तिकै सान्दर्भिक ठहर्छन् । यसमा विवाद गरिरहनु जरुरी छैन, तर कुरा रह्यो, असल पति मिल्ने, आयु बढ्ने र पाप पखालिने सन्दर्भ । यसमा बारम्बार विभिन्न बहस तथा प्रश्न उठिरहेका छन् । समयअनुसार यो सोच बदलिँदै गएर अहिले तिज भन्नु केवल रमाइलो भेटघाट, खानपिन र नाचगानको मेला बन्न थालेको छ ।

अबको प्रश्न हो, पितृसत्तात्मक सोच र रुढिवादी विचारधारामाथि धावा बोल्दै व्यक्तिगत स्वास्थ्य, स्वतन्त्रता र अधिकारलाई प्राथमिकतामा राख्ने वर्ग बढिरहेको सन्दर्भमा यस प्रकारको महिनौं अघिदेखिको भोज र भड्किलोपनले समाजलाई कुन गतिमा अगाडि बढाइरहेको छ त ?

कतिपय संस्कारले वर्तमानका सापेक्षमा परिमार्जनको ढोका चियाइरहेका छन् भने कतिपयले वर्तमानमा विकृति फैलाउने संस्कृति बन्ने भयबाट ग्रसित हुनुपरेको छ । यस्तै संघारमा लर्खराएर उभिएको एक संस्कृति हो :हिन्दु नारीहरूको महान् चाड हरितालिका तिज ।

तिजका सन्दर्भमा देखिएका यही समाजका केही उदाहरण हेरौँ, नाम परिवर्तनसहितका यी पात्रबाट हामी प्रस्ट हुन सक्छौँ ।

सावित्रीका घरमा वृद्ध र रोगी सासू-ससुरा बुहारीको पर्खाइमा दिन बिताउन थालेको साता दिन भइसकेको छ । अरुबेला विशुद्ध गृहिणी बनेर सेवा गर्दै आइरहेकी बुहारी भदौ लागेसँगै तिजका दर खान हिँड्न थालेको पन्ध्र दिन भयो ।

'कहिले कसको घरमा, कहिले कसको घरमा गाकोछ, नाच्या छ, टन्न खाएर राति अबेर घर फर्क्याछ, हाम्रो बिजोक भयो । समयमा ओखती दिने, तातोपानी दिने पनि कोही भएन,' सासू-ससुराले छोरासँग गरेको गुनासो सुनिन्छ । बिचरा छोरो, न श्रीमतीको रहरमाथि सिक्री कस्न सक्छ न त आमाबाबुको निरीहपनसँग कोलाहल मच्चाउन सक्छ ।

रातै सारीमा सजिएकी अस्मिता साँझमा ढुनमुनाउँदै घरको गेटमा पुगेर लडी । डरलाग्दो आवाज आयो । 'हिँड्नै नसक्ने गरी दर खाएपछि यस्तै हो, उभिनै नसक्ने कस्तो दर हो आजकलको ?' भन्दै रिसाउँदै उसको लोग्नेले हतारहतार उठायो । टाउको नराम्ररी बज्रिएर रगत बग्न थालेको रहेछ । ट्याक्सी बोलाएर तुरुन्त अस्पताल लिएर गयो । इन्तु न चिन्तु अवस्थामा उपचार भइरहेको छ ।

सुनमाया दिनदिनै नयाँ-नयाँ गहना किनिदिन आग्रह गर्दै श्रीमान्सँग झगडा गरिरहन्छे । उसलाई हरेक दिनको कार्यक्रममा नयाँ गहना किन चाहियो भन्दै छोरीहरू कराउँछन् । उसले थाहा नपाउने गरेर आमाको सुनप्रतिको क्रेजको भिडियो बनाएर सामाजिक सञ्जालमा हालिदिएछन् । ऊ भाइरल बनी तर रिसले छोरीहरूमाथि जाइलाग्दा दुवै छोरी हावाकावा । मामाघर गएका छोरीहरू तिज नसकिएसम्म आमाबाको झगडाका साक्षी बन्न घर नफर्कने भनेका छन् रे । पढाइ बिग्रेकामा



हजुरबा हजुरआमालाई जति पीर कसलाई परेको होला र ? आमा गहना जुटाउने योजनाको भासबाट उत्रिनै सकेकी छैन ।

उता सीतारामदाइ कार्यालयमा झोँक्राएर बसिरहेका छन् । संयोगले सोध्न पुगेँ । उहाँको प्रतिक्रिया असाध्यै नमिठो आयो । 'यो तिजले गरेको छ जे गर्नु म्याम, तपाईंलाई लागेको छैन ? सधैँ अफिसमै देख्छु त, कि तपाईं पनि साँझसाँझ बरालिनुहुन्छ ?' उनको झटारो मैतिर हुत्तियो ।

म तर्सें र बुझिहालेँ पनि, तिजकै कारणले उनी तनावमा रहेछन् भन्ने । अनि सोधेँ, 'भयो चाहिँ के ?' उनले भने, 'घाँटी हेरेर हाँड निल्न जान्नुपर्छ, आज पनि दर, भोलि पनि दर, पर्सि पनि, होइन कति दिन खान सकेका ? हाम्रो घरकी मालिक्नीको कुरा । भोलि हाम्रो घरको पालो रे । यो ले, ऊ ले, चौकीदारको कमाइ कति छ थाहा छ त ' फेरि केको देखासिकी ?' उनीसँग दोहोरो कुरा गर्ने अवस्था थिएन । पछि उनी शान्त भएका बेला कुरा गरौँला भन्ने लाग्यो ।

कतिपय कामकाजी महिलादेखि अधिकारकर्मी, पत्रकार, शिक्षकसम्मले तिज आउनुअघि नै सामाजिक सञ्जालमा रातो सारी लगाएर नाचेका र रमाएका तस्बिर र भिडियो सेयर गरिरहेका छन्, जसमा विभिन्न सकारात्मक र नकारात्मक प्रतिक्रिया पनि आइरहेका छन् ।

> **कतिका घरमा चुलो बल्ने अवस्था छैन, तैपनि ऋण सापटी गरेर मनाउनुपर्ने ! फेरीफेरी लत्ताकपडा एवं गहना लगाउनुपर्ने ! घरभित्र बसेर रमाउने होइन, दुनियाँलाई देखाउनुपर्ने ! यस्तै खालका चर्चा-परिचर्चा नारी र पुरूषका मुखबाट जताततै सुनिँदै आइएको छ ।**

कतिका घरमा चुलो बल्ने अवस्था छैन, तैपनि ऋण सापटी गरेर मनाउनुपर्ने ' फेरीफेरी लत्ताकपडा एवं गहना लगाउनुपर्ने ' घरभित्र बसेर रमाउने होइन, दुनियाँलाई देखाउनुपर्ने ' पार्टी प्यालेस र रेस्टुरेन्टमा खानुपर्ने ' दु:खसुखका गीत होइन, छाडा र उत्तेजक गीतमा अपाच्य नाच देखाउनुपर्ने ' यस्तै खालका चर्चा-परिचर्चा नारी र पुरुषका मुखबाट जताततै सुनिँदै आइएको छ । सामाजिक सञ्जालका भित्तामा भड्किलो तिजका विरोधमा लेख्नेको बाहुल्य छ । उता तिनै व्यक्ति नारीहरूको राताम्मै पोस्टमा तिजको शुभकामनाका प्रतिक्रिया दिन र मनपरेको बटन थिच्न पनि पुगेका छन् ।

हुँदा खाने वर्गका मानिसको घर-घरमा तिजको सन्त्रास फैलिएको छ । पतिपत्नीका गोजी रित्तिएर उस्तै उपहास गरिरहेका छन् । छोराछोरीको बाँकी फिस तिर्न नसकेर कतिपयले विद्यालयमा डिच्च दाह्रा देखाइरहेका छन् ।

अर्कोतिर हुने खानेलाई दुनियाँमा रमाउने र अरूलाई धाक देखाउने दिन जसरी आएको छ तिज । देखासिकीमा नम्बर १ मा रहेको यो मुलुक संस्कृतिका नाममा बढ्दै गएको विकृतिको नक्कल गर्न पनि उत्तिकै अग्र स्थानमा देखिन्छ । राज्य संयन्त्र कुम्भकर्णजस्तो बन्दा विकृति जाग्नु स्वाभाविकै भइहाल्यो ।

सडक र गल्लीमा एकथरीले तिजको उपहास गर्दै भनिरहेका छन्, 'अब जनै पनि एक महिनादेखि दाजुभाइका घरघर गएर लगाउने गरौँ । बर्थडेमा पनि महिनाभरि केक काटेर साथीहरू र आफन्तका घरघर डुल्नुपर्छ । दशैं त झनै वर्ष दिनसम्म मासु खाएर टीका थाप्दै घरघर डुलेर मनाए फाइदा हुने देखियो, तर विचरा जनावरको सर्वनाश हुने भयो ।

कतिका घरमा चुलो बल्ने अवस्था छैन, तैपनि ऋण सापटी गरेर मनाउनुपर्ने ' फेरीफेरी लत्ताकपडा एवं गहना लगाउनुपर्ने ' घरभित्र बसेर रमाउने होइन, दुनियाँलाई देखाउनुपर्ने, यस्तै खालका चर्चा-परिचर्चा नारी र पुरुषका मुखबाट जताततै सुनिँदै आइएको छ ।

तिहारको देउसी-भैलो पनि हरेक साँझ खेले झन् रमाइलो हुन्न र ? तासको कुरा छ नि, त्यसमा महिलाहरू हामीलाई किन हस्तक्षेप गर्ने ? त्यो हाम्रो खुसी हो नि, उनीहरूले दरका नाममा अनेकथोक पिउँदा र चर्तिकला देखाउँदा हामीले बोल्न पाएका छौँ र ? तिनीहरू हाम्रा इच्छाका विरुद्धमा किन बोल्ने ? यस्ता प्रश्न वा असन्तुष्टि अहिले जताततै सुनिन्छ ।

संस्कृतिमाथि गरिएका उपहासले कसलाई के फरक परिरहेको होला र ? तर संस्कृति नै लजाइरहेको छ । अधिकार र स्वतन्त्रताका नाराले समाजलाई कुन दिशामा डोऱ्याइरहेको छ भन्नेमा कसैको ध्यान छैन । क्षणिक पोलापोल र रमझममा केन्द्रित समाजले दीर्घकालीन अर्थ राख्ने विषयवस्तुप्रति चिन्तन गर्न भ्याएको छैन । तिजसँग सम्बन्धित विकृतिका विरुद्ध न महिलाहरू बोल्न सक्छन् न त पुरुषहरूले बोल्ने अवस्था छ ।

मन-मनभित्र कुण्ठा बोकेर ताली बजाउन बाध्य महिला तथा पुरुषका मनोभाव कसले बुझिदिने ? 'मैले कसको बाउको के खाइदिएको छु र ?' भन्ने कुनै समयको जँड्याहा पुरुषको डाइलग महिलाका मुखबाट निस्किन थालेकामा कलीयुग बौलाएको ट्याग लगाउँदै आरोप गर्नेको जमात उस्तै छ ।

जेहोस्, संस्कृति र चाडपर्वका आनै महत्त्व छ । तिजमा पहिलेजस्तो हिन्दु आर्य महिला मात्र नभएर जुनसुकै जात, धर्म र समुदायका सदस्य पनि उत्तिकै रमाउन सक्नु यस पर्वको उपलब्धि र गौरवको विषय हो ।

परम्परागत सोच बदलिएर व्यक्तिगत स्वास्थ्य र मनोरञ्जनका साधनका रूपमा लिन थालिएको तिज पर्वलाई महिनौँ नभएर निश्चित दिनमा मात्रै मनाइनु आवश्यक छ । पराईघर पुगेका दिदीबहिनीहरू माइतीमा जम्मा भएर पीडा बिसाउने वा दु:खसुख साट्ने सभ्य र संवेदनशील चाडलाई असभ्य र संवेदनहीन बनाउनु हुँदैन । यस्तो भड्किलो र विकृत कार्यक्रममा कसैले सहयोग नगरिदिने हो भने यो आफैँ हराएर जानेछ ।

नारीहरूको महान् चाड हरितालिका तिजको परम्परा, महत्त्व र अभिमानलाई जोगाउनु हामी सबैको कर्तव्य ठान्दै गलत कदमलाई सच्च्याएर सुसंस्कृत र सभ्य तिज मनाउन सबै दिदीबहिनीलाई मेरो आग्रह छ ।

प्रतिस्पर्धा र देखासिकीका नाममा गलत कदम चालेर परिवारलाई बिचल्ली पार्दै समाजलाई समेत विकृत दिशामा धकेल्ने अभियानमा उत्रिन संस्कारकी प्रतिमूर्ति जननीलाई झन् सुहाउने कुरै भएन । तसर्थ सबै नारीमा आउँदो हरितालिका तिज सभ्य, भव्य र सुसंस्कृत बनोस् भन्ने मेरो शुभकामना छ । रातोपाटी

कर्जा चुक्ता गर्न आउने बारेको ३५ -पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०५/२१ (प्रदेश राष्ट्रिय दैनिक)

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित शाखा कार्यालयहरूबाट धितो तथा सामूहिक जमानीमा आधारित कर्जा कारोबार गरी वित्तीय संस्थाको नियमानुसार मासिक रूपमा साँवा ब्याज बुझाँउनु पर्नेमा बिगत लामो समय देखि कर्जाको किस्ता -साँवा ब्याज) तिर्न आलटाल गरेको, पटक पटक लिखित तथा मौखिक रूपमा तरताकेता गर्दा समेत कर्जा तिर्न तर्फ कुनै चासो नदिएको, नेपाल राष्ट्र बैंकको नियमानुसार शंकास्पद/खराव वर्गमा कर्जाको वर्गीकरण भएको, केही ऋणीको हकमा अन्तिम भुक्तानी मिति समेत समाप्त भईसकेको तथा कर्जा लिंदाको बखतमा यस वित्तीय संस्थासंग गरेको लिखत तमसुकको शर्तबन्देजको उल्लंघन गरेको हुँदा तपसिलमा उल्लेखित तपाई ऋणी तथा एकल जमानीकर्ताहरू लाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो तिर्नु बुझाँउनु पर्ने सम्पूर्ण (साँवा, ब्याज र हर्जाना ब्याज) रकम तिर्नु बुझाँउनु हुन जानकारी गराईन्छ । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन-२०७९ र वित्तीय संस्थाको कर्जा असुली नीति-२०८० बमोजिम थप असुली प्रकृया अवलम्बन गर्नुका साथै यसै सूचनालाई आधारमानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ बमोजिम सामूहिक जमानीमा आधारित कर्जाको हकमा जग्गा जमिन रोक्का राख्नुका साथै धितोमा आधारित कर्जाको हकमा नियमानुसार धितो लिलामी गरी असुलउपर गरिने तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन-२०७९ को निर्देशन नं. ११-२) बमोजिम तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरू लाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाईने भएकोले यसबाट ऋणी तथा एकल/धनजमानीकर्ताहरू लाई पर्न जाने असुविधा प्रति वित्तीय संस्था जवाफदेही नहुने र असुली प्रकृया अवलम्बन गर्दा लागेको सम्पूर्ण खर्च रकम समेत सम्बन्धित ऋणीबाट नै असुल उपर गरिने ब्यहोरा जानकारी गर्दछौं ।

तपशिलः

क्र.सं.	ऋणी तथा एकल /धनजमानीकर्ताहरूको नाम, थर, ठेगाना, नागरिकता प्रमाणपत्र नं. तथा धितोमा रहेको जग्गाको विवरण
	शाखा कार्यालय : कोल्हवी, बारा
१.	ऋणीको नाम : सुश्री मधु कुमारी गोसाई, पिता/पतिको नाम : हरेश गिरी, बाजे/ससुराको नाम : शंकर गिरी अधित, स्थायी ठेगाना : उमजन-३, बारा, नाप्र.नं. : ३३३०२७/१७२९, कर्जाको शीर्षक : ब्यक्तिगत १. धनजमानीको नाम : हरेश गिरी, पिता/पतिको नाम : शंकर गिरी अधित, बाजे/ससुराको नाम : हितलाल गोसाई, स्थायी ठेगाना : बडकीफुलबरिया-१, बारा, नाप्र.नं. : ३३-०१-७३-०६६४४ २.धनजमानीको नाम : अजय कुमार गोसाई, पिता/पतिको नाम : बिसुनदयाल गोसाई, बाजे/ससुराको नाम : सिहलनाथ गोसाई, स्थायी ठेगाना : उमजन-३, बारा, नाप्र.नं. : ३३-०१-७२-०७३४७, धितोमा रहेको जग्गाको विवरण : जग्गाधनीको नाम : सुश्री मधु कुमारी गोसाई, जग्गाको ठेगाना : उमजन-३, बारा, कित्ता नं. : ६९३, क्षेत्रफल : ०-२-११-१० -८७४.०९ व.मी.)
२.	ऋणीको नाम : रूपशिला देवी, पिता/पतिको नाम : ओमप्रकाश प्रजयसवाल, बाजे/ससुराको नाम : बिश्वनाथ साह कलवार, स्थायी ठेगाना : बिसुनपूर्वा-९, बारा, नाप्रनं : २०३७/२०७२, कर्जाको शीर्षक : आशा उधमशिलता, १.धनजमानीको नाम : ओमप्रकाश प्रजयसवाल, पिता/पतिको नाम : बिश्वनाथ साह कलवार, बाजे/ससुराको नाम : शिवधारी साह कलवार, स्थायी ठेगाना : बिसुनपूर्वा-९, बारा, नाप्रनं : १३७०/३३१, २. धनजमानीको नाम : लम्बु प्रसाह तेली, पिता/पतिको नाम : धनराज साह तेली, बाजे/ससुराको नाम : शिवधारी साह कलवार, स्थायी ठेगाना : बिसुनपूर्वा-७, बारा, नाप्रनं : ३३३०१६/२९६७, धितोमा रहेको जग्गाको विवरण : जग्गाधनीको नाम : रूपशिला देवी, जग्गाको ठेगाना : बिसुनपूर्वा-९, बारा, कित्ता नं. : ११४, क्षेत्रफल : ०-०-१४ -२३७.०२ व.मी.)
३.	ऋणीको नाम : इन्ताफ मिया दर्जी, पिता/पतिको नाम : फिदा हुसेन दर्जी, बाजे/ससुराको नाम : जैलुन मिया दर्जी, स्थायी ठेगाना : लक्ष्मीपुर दे-५, रौतहट, नाप्र.नं. : ५/३५५, कर्जाको शीर्षक : ब्यक्तिगत १.धनजमानीको नाम : असलम दर्जी, पिता/पतिको नाम : मोस्तकिम मिया दर्जी, बाजे/ससुराको नाम : समरूल मिया दर्जी, स्थायी ठेगाना : गुजरा-५, रौतहट, नाप्र.नं. : ३२-०२-७४-०२६५७, २.धनजमानीको नाम : रूवी खातुन, पिता/पतिको नाम : मोजरे आलम दर्जी, बाजे/ससुराको नाम : इन्ताफ मिया दर्जी, स्थायी ठेगाना : गुजरा-५, रौतहट, नाप्र.नं. : ३२-०२-७६-०४४०६, धितोमा रहेको जग्गाको विवरण : जग्गाधनीको नाम : जलेखा खातुन, जग्गाको ठेगाना : प्रतापपुर पल्टुवा-१, रौतहट, कित्ता नं. : ७४७, क्षेत्रफल : ०-५-०-० -१६९३.१५ व.मी.)
४.	ऋणीको नाम : चिन्ता देवी अहिरीन, पिता/पतिको नाम : चुल्हाइ यादव, बाजे/ससुराको नाम : सहदेव यादव, स्थायी ठेगाना : गढहल-५, बारा, नाप्र.नं. : ३५७१, कर्जाको शीर्षक : ब्यक्तिगत १.एकलजमानीको नाम : नरेश कुमार यादव, पिता/पतिको नाम : भागवत राउत अहिर, बाजे/ससुराको नाम : महविर यादव, स्थायी ठेगाना : गढहल-५, बारा, नाप्र.नं. : ३३१०३४/३१२६० २.एकलजमानीको नाम : चुल्हाइ यादव, पिता/पतिको नाम : सहदेव यादव, बाजे/ससुराको नाम : बालदेव यादव, स्थायी ठेगाना : गढहल-५, बारा, नाप्र.नं. : ३३५/०८४८, धितोमा रहेको जग्गाको विवरण : जग्गाधनीको नाम : चिन्ता देवी अहिरीन, जग्गाको ठेगाना : गढहल-५, बारा, कित्ता नं. : २४३, क्षेत्रफल :०-५-०-० -१६९३.१५व.मी.)
५.	ऋणीको नाम : पारवती कुमारी थरूनी, पिता/पतिको नाम : हरीभजन धामी, बाजे/ससुराको नाम : दुखा धामी, स्थायी ठेगाना : उमजन-७, बारा, नाप्र.नं. : ४/१५५४, कर्जाको शीर्षक : आशा उद्यमशीलता कर्जा, धितोमा रहेको जग्गाको विवरण : जग्गाधनीको नाम : पारवती कुमारी थरूनी, जग्गाको ठेगाना : उमजन-१, बारा, कित्ता नं. : ७७१, क्षेत्रफल : ०-०-१३-० -२२०.०१ व.मी.)
६.	ऋणीको नाम : मनिया थरूनी, पिता/पतिको नाम : चन्द्र चौधरी, बाजे/ससुराको नाम : पासपत चौधरी, स्थायी ठेगाना : सिहोर्वा-२, बारा, ना.प्र.नं. : ३३१००/०१६९/५५, कर्जाको शीर्षक : आकस्मिक, एकलजमानीकर्ताको नाम : लालवती चौधरी, पिता/पतिको नाम : सुदेखी राय थारू, स्थायी ठेगाना : कोल्हवी-११, बारा, ना.प्र.नं. : ३३-०४-७४-०१४३७
७.	ऋणीको नाम : सुनितादेवी मलाहीन, पिता/पतिको नाम : भोला सहनी, बाजे/ससुराको नाम : हिरामन सहनी मलाह, स्थायी ठेगाना : अमाव-१, बारा, ना.प्र.नं. : ३३३००१/१२४, कर्जाको शीर्षक : आकस्मीक, एकलजमानीकर्ताको नाम : भोला सहनी मलाह, पिता/पतिको नाम : हिरामन सहनी मलाह, स्थायी ठेगाना : अमाव-१, बारा, ना.प्र.नं. : २२१४/२३४२/१५६७०
८.	ऋणीको नाम : रेखा देवी मुसर्नी, पिता/पतिको नाम : राजेन्द्र माझी, बाजे/ससुराको नाम : महाविर माझी, स्थायी ठेगाना : सिहोर्वा-१, बारा, ना.प्र.नं. : ३३१०५२/३३३६०, कर्जाको शीर्षक : आकस्मीक एकलजमानीकर्ताको नाम : राजेन्द्र माझी, पिता/पतिको नाम : महाविर माझी, स्थायी ठेगाना : सिहोर्वा-१, बारा, ना.प्र.नं. : ३३३०५२/२३७४
९.	ऋणीको नाम : ज्ञान्त्री देवी थरूनी, पिता/पतिको नाम : जित बहादुर चौधरी, बाजे/ससुराको नाम : झगरू चौधरी, स्थायी ठेगाना : ककडी-३, बारा, ना.प्र.नं. : ३३३०२९/४७२५, कर्जाको शीर्षक : साधारण, एकलजमानीकर्ताको नाम : जित बहादुर चौधरी, पिता/पतिको नाम : झगरू चौधरी, स्थायी ठेगाना : ककडी-३, बारा, ना.प्र.नं. : ४/३९५
१०.	ऋणीको नाम : ललिता कुमारी, पिता/पतिको नाम : जितेन्द्र महतो, बाजे/ससुराको नाम : झकड महतो, स्थायी ठेगाना : रमपुर्वा-२, बारा, ना.प्र.नं. : ३३१०२०/४८६८, कर्जाको शीर्षक : आकस्मिक, एकलजमानीकर्ताको नाम : जितेन्द्र महतो, पिता/पतिको नाम : झकड महतो, स्थायी ठेगाना : रमपुर्वा-२, बारा, ना.प्र.नं. : ३३३०२०/६९९१
११.	ऋणीको नाम : मिना देवी चौधरी, पिता/पतिको नाम : शंकर चौधरी, बाजे/ससुराको नाम रामलोचन चौधरी, स्थायी ठेगाना : तेतरिया-७, बारा, ना.प्र.नं. : ३३३०३५/३५९, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : शंकर चौधरी, पिता/पतिको नाम : रामलोचन चौधरी, स्थायी ठेगाना : तेतरिया-७, बारा, ना.प्र.नं. : १७६४/००५३/३१८४८
१२.	ऋणीको नाम : उमापती देवी, पिता/पतिको नाम : सुरेन्द्र चौधरी, बाजे/ससुराको नाम : अमिरा खाँ थारू, स्थायी ठेगाना : पिप्रा बस्तपुर- ९, बारा, ना.प्र.नं. : ३३३०१३/२७०९, कर्जाको शीर्षक : साधारण, एकलजमानीकर्ताको नाम : सुरेन्द्र चौधरी, पिता/पतिको नाम : अमिरा खाँ थारू, स्थायी ठेगाना : पिप्रा बसतपुर-९, बारा, ना.प्र.नं. : ३३३०१३/२४६८
१३.	ऋणीको नाम : सरिता देवी चौधरी, पिता/पतिको नाम : शिव कुमार चौधरी, बाजे/ससुराको नाम : बताही चौधरी, स्थायी ठेगाना : ककडी-२, बारा, ना.प्र.नं. : ३३३०२९/८५, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : शिव कुमार चौधरी, पिता/पतिको नाम : बताही चौधरी, स्थायी ठेगाना : ककडी-२, बारा, ना.प्र.नं. : ३३१०२९/२४६९५
१४.	ऋणीको नाम : रन्जु देवी, पिता/पतिको नाम : विष्णु प्रसाद चौधरी, बाजे/ससुराको नाम : हितनारायण चौधरी, स्थायी ठेगाना : अमाव-८, बारा, ना.प्र.नं. : ३३३००१/२८७, कर्जाको शीर्षक : आकस्मिक, एकलजमानीकर्ताको नाम : विष्णु प्रसाद चौधरी, पिता/पतिको नाम : हितनारायण चौधरी, स्थायी ठेगाना : अमाव-८, बारा, ना.प्र.नं. : १८९२/२३९३
१५.	ऋणीको नाम : कुन्ती कुमारी, पिता/पतिको नाम : जगदिश महरा, बाजे/ससुराको नाम : सन्तु चमार, स्थायी ठेगाना : रमपुर्वा-२, बारा, नाप्र.नं. : ३३-०१-७२-०१७९६, कर्जाको शीर्षक : आकस्मिकएकलजमानीकर्ताको नाम : जगदिश महरा, पिता/पतिको नाम : सन्तु चमार, स्थायी ठेगाना : रमपुर्वा-२, बारा, नाप्र.नं. : ३३-०१-७२-०१७१४
क्र.सं.	ऋणी तथा एकल/धनजमानीकर्ताहरूको नाम, थर, ठेगाना तथा नागरिकता प्रमाणपत्र नं. विवरण
१६.	ऋणीको नाम : जलासी देवी, पिता/पतिको नाम : बाबु लाल हजरा, बाजे/ससुराको नाम : वासदेव हजरा, स्थायी ठेगाना : खजुरीया-९, बारा, ना.प्र.नं. : ३३३०१९/१६, कर्जाको शीर्षक : आकस्मिक, एकलजमानीकर्ताको नाम : बाबु लाल हजरा, पिता/पतिको नाम : वासदेव हजरा, स्थायी ठेगाना : खजुरीया-९, बारा, ना.प्र.नं. : १९१/३०९८/०४४०
१७.	ऋणीको नाम : गंगादेवी चौधरी, पिता/पतिको नाम : जयकिसन चौधरी, बाजे/ससुराको नाम : महेशी चौधरी, स्थायी ठेगाना : ककडी-१, बारा, ना.प्र.नं. : ३३३०२९/४८११, कर्जाको शीर्षक : साधारण, एकलजमानीकर्ताको नाम : जयकिसन चौधरी, पिता/पतिको नाम : महेशी चौधरी, स्थायी ठेगाना : ककडी-१, बारा, ना.प्र.नं. : ३३३०२९/४८१०
१८.	ऋणीको नाम : कृष्णा देवी, पिता/पतिको नाम : नन्द किशोर गिरी, बाजे/ससुराको नाम : भदई गोसाई, स्थायी ठेगाना : करैयामाई-७, बारा, ना.प्र.नं. : ३३-०१-७५-०१४३६, कर्जाको शीर्षक : साधारण, एकलजमानीकर्ताको नाम : नन्द किशोर गिरी, पिता/पतिको नाम : भदई गोसाई, बाजे/ससुराको नाम : सम्भु गोसाई, स्थायी ठेगाना : उमजन-३, बारा, ना.प्र.नं. : ३३३०२७/१६५६
१९.	ऋणीको नाम : शिला देवी, पिता/पतिको नाम : चन्देश्वर चौधरी, बाजे/ससुराको नाम : जगिराम चौधरी, स्थायी ठेगाना : विसुनपुर्वा-१, बारा, ना.प्र.नं. : ३३३०१६/३५०१, एकलजमानीकर्ताको नाम : चन्देश्वर प्रसाद चौधरी, पिता/पतिको नाम : जगिराम चौधरी, बाजे/ससुराको नाम : कलेश चौधरी, स्थायी ठेगाना : विसुनपुर्वा-१, बारा, नागरिकता नं : ३३३०१६/३४४६
२०.	ऋणीको नाम : मंतुरा देवी, पिता/पतिको नाम : रामकिसुन हजरा, बाजे/ससुराको नाम : बुध हजरा, स्थायी ठेगाना : विसुनपुर्वा-२, बारा, ना.प्र.नं. : ३३३०१६/३०३, कर्जाको शीर्षक : आकस्मीक, एकलजमानीकर्ताको नाम : राम किसुन हजरा, पिता/पतिको नाम : बुध हजरा, स्थायी ठेगाना : विसुनपुर्वा-२, बारा, नागरिकता नं : ३३३०१६/३४४५
२१.	ऋणीको नाम : भोटनी देवी, पिता/पतिको नाम : नागेश्वर माझी, बाजे/ससुराको नाम : महिन्द्र माझी, स्थायी ठेगाना : विसुनपुर्वा-२, बारा, ना.प्र.नं. : ३३३०१६/२९१९, कर्जाका शीर्षक : आकस्मिक एकलजमानीकर्ताको नाम : नगेश्वर माझी, पिता/पतिको नाम : महिन्द्र माझी, स्थायी ठेगाना : विसुनपुर्वा-२, बारा, नागरिकता नं : ३३३०१६/३५१८
२२.	ऋणीको नाम : सावीत्री देवी, पिता/पतिको नाम : कृपाल ठाकुर हजाम, बाजे/ससुराको नाम : बद्रि ठाकुर हजाम, स्थायी ठेगाना : विसुनपुर्वा- १, बारा, ना.प्र.नं. : ३३१०४७, कर्जाको शीर्षक : आकस्मिक एकलजमानीकर्ताको नाम : कृपाल ठाकुर हजाम, पिता/पतिको नाम : बद्रि ठाकुर हजाम, स्थायी ठेगाना : विसुनपुर्वा-१, बारा, ना.प्र.नं. : ३३२१६४/२१९१/१५३४१
२३.	ऋणीको नाम : कनतोरीया देवी, पिता/पतिको नाम : प्रहलाद पासवान, बाजे/ससुराको नाम : तुला हजरा, स्थायी ठेगाना : प्रेमपुर गोनाही-३, रौतहट, ना.प्र.नं. : ३२३०८७/१४५, कर्जाका शीर्षक : आकस्मिक एकलजमानीकर्ताको नाम : प्रहल्लाद हजरा, पिता/पतिको नाम : तुला हजरा, स्थायी ठेगाना : प्रेमपुर गोनाही-३, रौतहट, ना.प्र.नं. : ८७३/०७३/५/२१
२४.	ऋणीको नाम : तारादेवी राई, पिता/पतिको नाम : श्याम चौधरी, बाजे/ससुराको नाम : जाचु चौधरी, स्थायी ठेगाना : बसाहा-७, उदयपुर, ना.प्र.नं. : १२५०९, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम : रोशन चौधरी, पिता/पतिको नाम : श्याम चौधरी, बाजे/ससुराको नाम : जाचु चौधरी, स्थायी ठेगाना : कोल्हवी-१, बारा, नाप्र.नं. : ३३-०४-७५-००४७६
	शाखा कार्यालय : सम्मनपुर, रौतहट
२५.	ऋणीको नाम : फुल कुमारी देवी, पिता/पतिको नाम : दिनकर सहनी, बाजे/ससुराको नाम : भरोसी सहनी मलाह, स्थायी ठेगाना : मलाही-७, रौतहट, ना.प्र.नं. : ३२३०९४/१७०, कर्जाको शीर्षक : साधारण
२६.	ऋणीको नाम : सरिता देवी, पिता/पतिको नाम : धरिछन सहनी, बाजे/ससुराको नाम : रूदल सहनी, स्थायी ठेगाना : मलाही-५, रौतहट, ना.प्र.नं. : ३२३०९४/३७८, कर्जाको शीर्षक : साधारण, धनजमानीको नाम : सोमन कुमार सहनी, पिता/पतिको नाम : धरीछन सहनी, बाजे/ससुराको नाम : रूदल सहनी, स्थायी ठेगाना : गरूडा-३, रौतहट, ना.प्र.नं. : ३२-०६-७८-०७०८९
२७.	ऋणीको नाम : अनरवा कुमारी देवी, पिता/पतिको नाम : मनोज कुमार सहनी, बाजे/ससुराको नाम : दिनकर सहनी, स्थायी ठेगाना : मलाही-१, रौतहट, ना.प्र.नं. : ३२३०९४/४०, कर्जाको शीर्षक : साधारण, धनजमानीको नाम : मनोज कुमार सहनी, पिता/पतिको नाम : दिनकर सहनी, स्थायी ठेगाना : मलाही-१, रौतहट, ना.प्र.नं. : ३२३०९४/३६
२८.	ऋणीको नाम : रूना कुमारी देवी सहनी, पिता/पतिको नाम : हरी सहनी, बाजे/ससुराको नाम : मुसहा सहनी मलाह, स्थायी ठेगाना : मलाही-१, रौतहट, ना.प्र.नं. : ३२३०९४/०२, कर्जाको शीर्षक : साधारण, धनजमानीको नाम : रामजन्म सहनी, पिता/पतिको नाम : हरी सहनी, बाजे/ससुराको नाम : मुसहा सहनी मलाह, स्थायी ठेगाना : गरूडा-३, रौतहट, ना.प्र.नं. : ३२-०६-७८-०५९९२
२९.	ऋणीको नाम : सफिना खातुन, पिता/पतिको नाम : रोजा अंसारी, बाजे/ससुराको नाम : सलीम अंसारी, स्थायी ठेगाना : गम्हरीया-७, रौतहट, ना.प्र.नं. : ३३८३०७७/३७२, कर्जाको शीर्षक : साधारण, धनजमानीको नाम : रोजा अंसारी, पिता/पतिको नाम : सलीम अंसारी, स्थायी ठेगाना : गम्हरीया-७, रौतहट, ना.प्र.नं. : १८०७
३०.	ऋणीको नाम : लिलावती देवी, पिता/पतिको नाम : रामनरेश महतो, बाजे/ससुराको नाम : जगेश्वर महतो, स्थायी ठेगाना : गेडही गुठी-२, ना.प्र.नं. : ३२१०९५/२०६९, कर्जाको शीर्षक : साधारण, धनजमानीको नाम : रामनरेश महतो, पिता/पतिको नाम : जगेश्वर महतो, बाजे/ससुराको नाम : लखन महतो, स्थायी ठेगाना : गेडहीगुठी-२, ना.प्र.नं. : ३२ ७८४४
३१.	ऋणीको नाम : इन्दु देवी, पिता/पतिको नाम : रामज्ञा राउत कुर्मि, बाजे/ससुराको नाम : रूपनारायण राउत कुर्मि, स्थायी ठेगाना : गेडहीगुठी-८, रौतहट, ना.प्र.नं. : ३२३०९५/४९२, कर्जाको शीर्षक : साधारण
३२.	ऋणीको नाम : रमिता कुमारी यादव, पिता/पतिको नाम : शम्भु राय यादव, बाजे/ससुराको नाम : हरिन्द्र राय यादव, स्थायी ठेगाना : गरूडा-९, रौतहट, ना.प्र.नं. : ३२-०२-७६-०३७१९, कर्जाको शीर्षक : साधारण, धनजमानीको नाम : शम्भु राय यादव, पिता/पतिको नाम : हरिन्द्र राय यादव, बाजे/ससुराको नाम : परमेश्वर राय यादव, स्थायी ठेगाना : रघुनाथपुर-७, ना.प्र.नं. : ३२३०८३-६३६
३३.	ऋणीको नाम : मिना देवी, पिता/पतिको नाम : हरेन्द्र राय यादव, बाजे/ससुराको नाम : प्रमेश्वर राय, स्थायी ठेगाना : रघुनाथपुर-८, रौतहट, ना.प्र.नं. ४८२३, कर्जाको शीर्षक : साधारण, धनजमानीको नाम : हरेन्द्र राय यादव, पिता/पतिको नाम : प्रमेश्वर राय, स्थायी ठेगाना : रघुनाथपुर-७, रौतहट, ना.प्र.नं. : १६५९
क्र.सं.	ऋणी तथा एकल/धनजमानीकर्ताहरूको नाम, थर, ठेगाना तथा नागरिकता प्रमाणपत्र नं. विवरण
३४.	ऋणीको नाम : सविता कुमारी, पिता/पतिको नाम : रंजित दास, बाजे/ससुराको नाम : सुरेन्द्र दास तत्मा, स्थायी ठेगाना : राजपुर-१, रौतहट, ना.प्र.नं. : ३२-०१-७४-०७७०६, कर्जाको शीर्षक : साधारण
३५.	ऋणीको नाम : चंचला देवी, पिता/पतिको नाम : सुनिल कुमार झा, बाजे/ससुराको नाम : चन्द्रशेखर झा, स्थायी ठेगाना : संग्रामपुर-८, रौतहट, ना.प्र.नं. : ०३२३०९२/९२७, कर्जाको शीर्षक : साधारण, धनजमानीको नाम : सुनिल कुमार झा, पिता/पतिको नाम : चन्द्रशेखर झा, स्थायी ठेगाना : संग्रामपुर-८, रौतहट, ना.प्र.नं. : ११३३
३६.	ऋणीको नाम : मिना देवी, पिता/पतिको नाम : राजेन्द्र राउत कुर्मी, बाजे/ससुराको नाम : विरीछ राउत कुर्मी, स्थायी ठेगाना : समनपुर-२, ना.प्र.नं. : ०३२३०८९/१२११, कर्जाको शीर्षक : साधारण, धनजमानीको नाम : राजेन्द्र राउत, पिता/पतिको नाम : विरीछ राउत कुर्मी, बाजे/ससुराको नाम : निरसु राउत, स्थायी ठेगाना : समनपुर-२, ना.प्र.नं. : ३२/६०१
३७.	ऋणीको नाम : नगिना देवी, पिता/पतिको नाम : विरेन्द्र महतो, बाजे/ससुराको नाम : मानकी महतो, स्थायी ठेगाना : समनपुर- ४, रौतहट, ना.प्र.नं. : ३२३०८९/३२९, कर्जाको शीर्षक : साधारण
३८.	ऋणीको नाम : अनुठीया देवी, पिता/पतिको नाम : वीरेन्द्र चौधरी, बाजे/ससुराको नाम : देवहरी चौधरी, स्थायी ठेगाना : संग्रामपुर-१, रौतहट, ना.प्र.नं. : ०३२३०९२/१९६, कर्जाको शीर्षक : साधारण
३९.	ऋणीको नाम : मनिषा कुमारी, पिता/पतिको नाम : गोविन्द पसवान, बाजे/ससुराको नाम : इश्वर हजारी पासवान, स्थायी ठेगाना : राजदेवी-७, रौतहट, ना.प्र.नं. : ३२-०१-७५-१२०७६, कर्जाको शीर्षक : साधारण
४०.	ऋणीको नाम : सुमिन्त्रा देवी, पिता/पतिको नाम : रामप्रवेश हजरा, बाजे/ससुराको नाम : गंगाराम हजरा, स्थायी ठेगाना : स. धमौरा-८, रौतहट, ना.प्र.नं. : ३२३०८४/८६८, कर्जाको शीर्षक : साधारण
४१.	ऋणीको नाम : सुनैना कुमारी, पिता/पतिको नाम : राजु महरा चमार, बाजे/ससुराको नाम : बन्छु महरा, स्थायी ठेगाना : वृन्दाबन-६, रौतहट, ना.प्र.नं. : ३२-०२-७६-००३५८, कर्जाको शीर्षक : साधारण
४२.	ऋणीको नाम : सरीता कुमारी पासवान, पिता/पतिको नाम : छठु हजरा, बाजे/ससुराको नाम : जिन्द हजरा दुसाध, स्थायी ठेगाना : वृन्दाबन-६, रौतहट, ना.प्र.नं. : ३२-०२-७६-०३९४१, कर्जाको शीर्षक : साधारण
४३.	ऋणीको नाम : धनी कुमारी राम, पिता/पतिको नाम : राम बचु महरा, बाजे/.ससुराको नाम : भरोसी महरा, स्थायी ठेगाना : वृन्दाबन-७, रौतहट, ना.प्र.नं. : ३२-०२-७५-०२६७२, कर्जाको शीर्षक : साधारण
	शाखा कार्यालय : निजगढ, बारा
४४.	ऋणीको नाम : अनिता माया मुक्तान, पिता/पतिको नाम : कान्छालाल मुक्तान, बाजे/ससुराको नाम : सोवित मान मुक्तान, स्थायी ठेगाना : धियाल-७, मकवानपुर, ना.प्र.नं. : ३१-०१-७०-१०५४३, धनजमानीको नाम : कान्छालाल मुक्तान, पिता/पतिको नाम : सोवित मान मुक्तान, बाजे/ससुराको नाम : सिद्धिमान मुक्तान, स्थायी ठेगाना : धियाल-७, मकवानपुर, ना.प्र.नं. : ३१३००३/१२४
४५.	ऋणीको नाम : सर्वदा तिमल्सिना, पिता/पतिको नाम : शिब प्रसाद तिमल्सिना, बाजे/ससुराको नाम : तुलाराम तिमिल्सिना, स्थायी ठेगाना : निजगढ-३, बारा, ना.प्र.नं. : ३३२०११/२८२०७ धनजमानीको नाम : जानुका मैनालि, पिता/पतिको नाम : तुलनाथ तिमल्सिना, बाजे/ससुराको नाम : शिव प्रसाद तिमल्सिना, स्थायी ठेगाना : निजगढ-४, बारा, ना.प्र.नं. : ३३-०२-७६-०३७६०
४६.	ऋणीको नाम : सन्च माया भुलुन, पिता/पतिको नाम : टासी भुलुन -लामा), बाजे/ससुराको नाम : जित बहादुर सिं भुलुन, स्थायी ठेगाना : भिमफेदि-८, मकवानपुर , ना.प्र.नं. : ३१-०१-७५-१२२४९, धनजमानीको नाम : टासी भुलुन -लामा), पिता/पतिको नाम : जित बहादुर सिं भुलुन, बाजे/ससुराको नाम : प्रेमलाल भुलुन, स्थायी ठेगाना : मकवानपुर-१, इपापञ्चकन्या, ना.प्र.नं. : ५०/२६७
४७.	ऋणीको नाम : अन्जली भुलुन, पिता/पतिको नाम : टुल्कु भुलुन, बाजे/ससुराको नाम : जित बहादुर सिं भुलुन, स्थायी ठेगाना : भिमफेदि-८, मकवानपुर, ना.प्र.नं. : ३१-०१-७५-११७६४, धनजमानीको नाम : टुल्कु भुलुन, पिता/पतिको नाम : जित बहादुर सिं भुलुन, बाजे/ससुराको नाम : प्रेमलाल भुलुन, स्थायी ठेगाना : मकवानपुर-१, इपापञ्चकन्या, ना.प्र.नं. : ३१३०२४/८९
४८.	ऋणीको नाम : सरिता क्षेत्रि, पिता/पतिको नाम : हरी थापा, बाजे/ससुराको नाम : राम बहादुर थापा, स्थायी ठेगाना : नेत्रगंज-७, सर्लाही, ना.प्र.नं. : ३३२०११/३०७८८ धनजमानीको नाम : प्रमोद क्षेत्रि, पिता/पतिको नाम : हुम बहादुर क्षेत्रि, बाजे/ससुराको नाम : इन्द्र बहादुर क्षेत्रि, स्थायी ठेगाना : निजगढ-७, बारा, ना.प्र.नं. : ३३२०११/३२६८३
	शाखा कार्यालय : चन्द्रपुर, रौतहट
४९.	ऋणीको नाम : ताराकुमारी तिमल्सीना, पिता/पतिको नाम : उत्तर पहरी, बाजे/ससुराको नाम : काजी पहरी, स्थायी ठेगाना : निजगढ-९, बारा, ना.प्र.नं. : ३३२१००/४३०७२, कर्जाको शीर्षक : साधारण
५०.	ऋणीको नाम : जानुका परीयार, पिता/पतिको नाम : विष्णु दमाई, बाजे/ससुराको नाम : टोहले दमाई, स्थायी ठेगाना : सन्तपुर-म)-४, रौतहट, ना.प्र.नं. : ३२२०८१/३४४४, कर्जाको शीर्षक : साधारण
५१.	ऋणीको नाम : फुल कुमारी विश्वकर्मा, पिता/पतिको नाम : विष्णु बहादुर कामी, बाजे/ससुराको नाम : लाल बहादुर दुरलमे कामी, स्थायी ठेगाना : सन्तपुर (म)-९, रौतहट, न.प्र.नं. : ३२३०८१/१०७५, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम : जित नारायण कामी, पिता/पतिको नाम : बद्री नारायण कामी, बाजे/ससुराको नाम : मकोली वि.क, स्थायी ठेगाना : रंगपुर-८, रौतहट, ना.प्र.नं. : २४४
५२.	ऋणीको नाम : पार्वती देवि चौधरी, पिता/पतिको नाम : हरेराम चौधरी, बाजे/ससुराको नाम : मिही लाल चौधरी, स्थायी ठेगाना : लक्ष्मीनिया-९, रौतहट, ना.प्र.नं. : ३२२०५५/७३६, कर्जाको शीर्षक : साधारण
५३.	ऋणीको नाम : भगमनीया कुमारी, पिता/पतिको नाम : हितलाल महरा, बाजे/ससुराको नाम : निसु महरा, स्थायी ठेगाना : सम्मनपुर-७, रौतहट, ना.प्र.नं. : ३३०, कर्जाको शीर्षक : साधारण
५४.	ऋणीको नाम : खुश्बु खातुन, पिता/पतिको नाम : शेख ईजाजुल, बाजे/ससुराको नाम : शेष भोला, स्थायी ठेगाना : बसविहग जिङ्गरीया-९, रौतहट, ना.प्र.नं. : १२४८, कर्जाको शीर्षक : साधारण

बाँकी चौथो पृष्ठमा..

जिल्ला लिग फुटबलमा हाँडीखोला, सहीद स्मृति र कम्बाइन विजयी

♦ प्रदेश दैनिक

हेटौंडा/ हेटौंडामा जारी जिल्ला लिग फुटबल प्रतियोगिताअन्तर्गत् बिहीबारको खेलमा तीनवटा क्लब विजयी भएका छन् । लिगमा मनहरी गाउँपालिकाको हाँडीखोला यूथ क्लव, बागमती गाउँपालिकाको सहीद स्मृति क्लव र हेटौंडाको न्यू कम्बाइन विजयी भएका छन् ।

हाँडीखोलाले हेटौंडा १७ को प्रगतिशिल युवा क्लवलाई २-० ले हराएको हो । हाँडीखोलाका लागि दुवै गोल सञ्जिव गिरीले गरेका हुन् । पहिलो हाफमा १ गोल गरेका उनले दोस्रो हाफमा अर्को गोल थपेका थिए । गिरी नै खेलको म्यान अफ द म्याच भए । समूह घ मा रहेको हाँडीखोलाको ४ अंक भएको छ । यस्तै समूह घ कै सहीद स्मृति क्लवले प्रतिभा क्लवलाई २-० ले हराएको छ । सहीद स्मृतिको तर्फबाट बुद्ध बल तामाङ र रमेश थिङले गोल गरेका हुन् । दुवै गोल दोस्रो हाफमा भएको थियो । खेलको म्यान अफ द म्याच सहीद स्मृतिका बल घोषित भए ।

यता, समूह ग मा रहेको कम्बाइनले हटिया स्पोर्टस् एकेडेमीलाई ३-० ले हराएको छ । कम्बाइनका लागि विशाल भ्लोनले २ र सुजल थिङले एक गोल गरेका हुन् । २ गोल गर्ने भ्लोन नै खेलको म्यान अफ द म्याच भए । दुई खेल जितेको कम्बाइनको ६ अंक भएको छ । बिहान भएको एफसी नामटार र पदमपोखरी यूथ क्लवको खेल भने एक/एक गोलको बराबरीमा टुङ्गिएको छ । खेलमा नामटारले सुरुवाती अग्रता लिएको थियो । कार्सङ थिङको प्रहार पदमपोखरीका खेलाडीलाई लाग्दै गोल भएको थियो । पदमपोखरीका नवराज थिङले बराबरी गोल फर्काए । नामटारका कार्सङ नै खेलको म्यान अफ द म्याच घोषित भए । कम्बाइन र हटिया तथा नामटार र पदमपोखरीको बुधबार स्थगित भएको खेल बिहीबार बिहान खेलाइएको हो । लिगको विजेताले एकलाख तथा उपविजेताले ५० हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ । यस्तै विधागत उत्कृष्ट खेलाडीलाई समेत पुरस्कारको व्यवस्था गरिएको छ ।



दुई खेल स्थगित

वर्षाका कारण विहीबार पनि दुई खेल स्थगित भएको छ । दिउँसो ४ बजेका लागि हुनुपर्ने खेल वर्षाका कारण स्थगित भएको हो ।

एफसी पोताला र विजय यूथको खेल गौरीटार रंगशालामा तथा पशुपति युवा क्लव र एफसी चाइनाक्वाटरको सिमलटार खेल मैदानमा हुने तालिका रहेको थियो ।

वर्षाका कारण दुवै खेल स्थगित गरिएको प्रतियोगिता संयोजक मकवानपुर जिल्ला फुटबल संघका उपाध्यक्ष युवराज लामाले बताए । उनका अनुसार स्थगित खेल दुवै क्लवसँगको छलफलमा आयोजना गरिनेछ ।

वर्षाका कारण लिगका खेलहरु स्थगित हुँदै आएको छ । ५ वर्षपछि भएको जिल्ला लिग फुटबलमा मकवानपुरका २८ वटा क्लवको सहभागिता रहेको छ ।

मकवानपुर जिल्लामा २३९ जना डेंगु र १२३ स्क्रब टाइफसको विरामी

♦ प्रदेश दैनिक

हेटौंडा/ मकवानपुरमा दिनहुँ डेंगु र स्क्रब टाइफसका बिरामी बढ्दै गएक छन् । साउनदेखि भदौ १९ सम्म लामखुट्टेको टोकाइबाट लाग्ने डेंगु रोगका बिरामी २३९ जना र मुसामा हुने किर्नाको टोकाइबाट लाग्ने स्क्रब टाइफसका बिरामीको संख्या १२३ पुगेको छ ।

जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार डेढ महिनाको अवधिमा परजीवीको टोकाइबाट लाग्ने रोगका बिरामीको संख्या बढेको हो । जिल्लामा डेढ महिनामा ८१ महिला र ४२ पुरुष स्क्रब टाइफसबाट प्रभावित बनेको जनस्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए ।

उनका अनुसार हेटौंडा उपमहानगरपालिकामा ७२, मकवानपुर गढीमा १५, मनहरीमा १०, बकैयामा १२ जना र भीमफेदीमा ८ जना स्क्रब टाइफसबाट प्रभावित भएका छन । बागमती, कैलाश, इन्द्रसरोवर, राक्सिराङ र अन्य जिल्लाका एक एक जना प्रभावित भएका छन । स्क्रब टाइफस एक किसिमको सरुवा रोग हो । यो रोग लाग्ने किर्ना जस्तो देखिने किरा (माइट) को टोकाइबाट मानिसमा सर्दछ । यो रोग माइटमा पाइने

ओरेन्सिया सुसुगामुसीभन्ने जिवाणुबाट लाग्दछ । माइट प्रायः झाडी, खेतबारी, वनजंगल, घर वरिपरिको झाडी वा घुरान हुने ठाउँमा देखिने गर्दछ । यसैगरी, पुरुष ११३ र महिला १२६ सहित भदौ १९ सम्म मकवानपुरमा डेंगु सङ्क्रमितको संख्या २३९ पुगेको हो । जिल्लामा सबैभन्दा धेरै हेटौंडा उपमहानगरमा डेंगु सङ्क्रमित भेटिएका छन् । यहाँ ८४ पुरुष र ९७ महिला गरी १८१ जनामा डेंगु सङ्क्रमण पुष्टि भइसकेको छ ।

मनहरी गाउँपालिकामा २१ जना, मकवानपुरगढी गाउँपालिकामा १४, बकैया गाउँपालिकामा ८, भीमफेदी गाउँपालिकामा ६ जना, कैलाशमा २, र बागमती गाउँपालिकामा एकजनामा डेंगु पुष्टि भएको हो । अन्य जिल्लाका ५ जना र ठेगाना नखुलेको एक जनामा डेंगु पुष्टि भइसकेको छ । मकवानपुरमा दिनहुँ डेंगु र स्क्रब टाइफसका बिरामी बढ्दै गएक छन् । साउनदेखि भदौ १९ सम्म लामखुट्टेको टोकाइबाट लाग्ने डेंगु रोगका बिरामी २३९ जना र मुसामा हुने किर्नाको टोकाइबाट लाग्ने स्क्रब टाइफसका बिरामीको संख्या १२३ पुगेको छ ।

-गोरखापत्र)

क्र.सं.	ऋणी तथा एकल/धनजमानीकर्ताहरूको नाम, थर, ठेगाना तथा नागरिकता प्रमाणपत्र नं. विवरण
५५.	ऋणीको नाम : नुरेसा खातुन, पिता/पतिको नाम : मुसलिम मिया पमरीया, बाजे/ससुराको नाम : वकिल मिया पमरीया, स्थायी ठेगाना : रघुनाथपुर-४, रौतहट, ना.प्र.नं. : ३२३०८३/३३८, कर्जाको शीर्षक : साधारण
५६.	ऋणीको नाम : सविला खातुन, पिता/पतिको नाम : अब्दुल समिम मिया वारी, बाजे/ससुराको नाम : विकाउ मिया, स्थायी ठेगाना : रघुनाथपुर-४, रौतहट, ना.प्र.नं. : ३२३०८३/२८८, कर्जाको शीर्षक : साधारण
५७.	ऋणीको नाम : नुरजहा खातुन, पिता/पतिको नाम : इस्लाम नट, बाजे/ससुराको नाम : कुमु नट, स्थायी ठेगाना : पिपरा रजवाडा-८, रौतहट, ना.प्र.नं. : ३२-०१-७२-०१२५२, कर्जाको शीर्षक : साधारण
५८.	ऋणीको नाम : सैयरा खातुन, पिता/पतिको नाम : मो. अलियास, बाजे/ससुराको नाम : लालु महमद, स्थायी ठेगाना : रघुनाथपुर-४, रौतहट, ना.प्र.नं. : ३२३०८३/१३, कर्जाको शीर्षक : साधारण
५९.	ऋणीको नाम : मकबुलन खातुन, पिता/पतिको नाम : शेख अतिम, बाजे/ससुराको नाम : शेख, स्थायी ठेगाना : गरूडा-८, रौतहट, ना.प्र.नं. ३२३०८५/५९, कर्जाको शीर्षक : साधारण
६०.	ऋणीको नाम : सबिका खातुन, पिता/पतिको नाम : शेनु रूल्लाह, बाजे/ससुराको नाम : से सहवान, स्थायी ठेगाना : गंहरीया जिंग-५, रौतहट, ना.प्र.नं. : ८९८८, कर्जाको शीर्षक : साधारण
६१.	ऋणीको नाम : रोक्साना खातुन, पिता/पतिको नाम : शेख इसराईल, बाजे/ससुराको नाम : शेख जैनुल, स्थायी ठेगाना : बसविट्टी जिंगडीया-९, रौतहट, ना.प्र.नं. : ३२३०८५/१०५, कर्जाको शीर्षक : साधारण
६२.	ऋणीको नाम : सेहेनाज खातुन, पिता/पतिको नाम : से. कैमुदीन वस, बाजे/ससुराको नाम : शेख सहिद, स्थायी ठेगाना : सि. जि.-८, रौतहट, ना.प्र.नं. : ३२३०८५/७, कर्जाको शीर्षक : साधारण
६३.	ऋणीको नाम : नुसरत खातुन, पिता/पतिको नाम : मोहमद मोहिबुल्ला, बाजे/ससुराको नाम : मोहमद इसलाम, स्थायी ठेगाना : गरूडा-८, रौतहट, ना.प्र.नं. : ३२-०६-७५-०२१४९, कर्जाको शीर्षक : साधारण
६४.	ऋणीको नाम : श्री पती देवी, पिता/पतिको नाम : विसुन देव महरा, बाजे/ससुराको नाम : बलदेव महरा चमार, स्थायी ठेगाना : सन्तपुर(म)-६, रौतहट, ना.प्र.नं. : ३२३०८०/६३८, कर्जाको शीर्षक : साधारण
६५.	ऋणीको नाम : सविला खातुन, पिता/पतिको नाम : नैमोदीन मिया, बाजे/ससुराको नाम : मकसद मिया, स्थायी ठेगाना : विरगंज-१७, पर्सा, ना.प्र.नं. : ३४-०१-७५-१६७३२, कर्जाको शीर्षक : साधारण
	शाखा कार्यालय : कोपवा, रौतहट
६६.	ऋणीको नाम : शान्ती देवी, पति/पिताको नाम : शंकर प्रसाद कलवार, बाजे/ससुराको नाम : प्रसाद साह कल्लवार, ठेगाना : बौधीमाई-२, रौतहट, ना.प्र.नं : ३२-०१-७४-०६६७६, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : शंकर प्रसाद कलवार, पति/पिताको नाम : प्रसाद साह कलवार, ठेगाना : बौधीमाई-२, रौतहट ना.प्र.नं. : ३२-०१-७३-१०५५३
६७.	ऋणीको नाम : चमेली देवी, पति/पिताको नाम : मगनी साह, बाजे/ससुराको नाम : खेना साह बनिया, ठेगाना : इनर्वा-३, रौतहट, ना.प्र.नं. : ३२३०३७-२०६, कर्जाको शीर्षक : साधारण, एकलजमानीकर्ताको नाम : गजीन्द्र ठाकुर लोहार, पति/पिताको नाम : रामविलास ठाकुर लोहार, ठेगाना : रामपुरखाप-८, रौतहट, ना.प्र.नं. : ३२-०१-७१-०२८०४
६८.	ऋणीको नाम : शान्ती देवी, पति/पिताको नाम : प्रेमलाल राउत कुर्मी, बाजे/ससुराको नाम : लखन राउत कुर्मी, ठेगाना : इनर्वा-४, रौतहट, ना.प्र.नं. : ३३/४६४, कर्जाको शीर्षक : साधारण, एकलजमानीकर्ताको नाम : सन्जीत राउत कुर्मी, पति/पिताको नाम : प्रेमलाल राउत कुर्मी, बाजे/ससुराको नाम : लखन राउत कुर्मी, ठेगाना : इनर्वा-४, रौतहट, ना.प्र.नं. : ३२१०३७/१८१
६९.	ऋणीको नाम : प्रेमा कुमारी देवी, पति/पिताको नाम : संजय दास तत्मा, बाजे/ससराको नाम : मेधु दास तत्मा, ठेगाना : नरकटिया-५, रौतहट, ना.प्र.नं. : ३२३०३६/४६, कर्जाको शीर्षक : साधारण एकलजमानीकर्ताको नाम : संजय दास तत्मा, पति/पिताको नाम : मेधु दास तत्मा, बाजे/ससराको नाम : बुटाई दास तत्मा, ठेगाना : नरकटिया-५, रौतहट, ना.प्र.नं. : ३२-०१-६९-०४४२८
७०.	ऋणीको नाम : जीरा देवी, पति/पिताको नाम : मेधु दास तत्मा, बाजे/ससराको नाम : बुटाई दास तत्मा, ठेगाना : नरकटिया-५, रौतहट, ना.प्र.नं. : ३२३१०३६/४३९, कर्जाको शीर्षक : साधारण, एकलजमानीकर्ताको नाम : मेधु दास तत्मा, पति/पिताको नाम : बुटाई दास तत्मा, ठेगाना : नरकटिया-५, रौतहट, ना.प्र.नं. : ६४२

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैकवाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

केन्द्रीय कार्यालय : बनेपा-१३, काभ्रेपलाञ्चोक, सम्पर्क नं. : ०११-६६००७३,
इमेल ठेगाना : ashamicrofinance@gmail.com/
info@ashamicrofinance.com.np

बागमतीको दुई जिल्लाका ६० जनामा हैजा पुष्टि

हेटौंडा/ बागमती प्रदेशको दुई जिल्लाका ६० जनामा हैजा पुष्टि भएको छ । प्रदेशको ललितपुरमा ५० र काठमाडौंमा १० जनामा हैजा सङ्क्रमण पुष्टि भएको हो ।

बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले भदौ १९ गते बुधबारसम्म यस प्रदेशमा गत साउनदेखि हालसम्म ६० जनामा हैजा सङ्क्रमण भएको जानकारी दिएको छ । स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा.रविन भुसालले गर्मी तथा वर्षायाममा विशेष गरी बालबालिकामा झाडापखाला, हैजा जस्ता रोग फैलिने भएकाले सावधानी अपनाउन आग्रह गरे । झाडापखाला, हैजा जस्ता रोगबाट बच्न सरसफाइमा ध्यान दिन, स्वच्छ पानी तथा खाना खान, नरम तथा सजिलै पच्ने खानेकुरा थोरै थोरै पटक पटक गरी खुवाइरहन स्वास्थ्य मन्त्रालयले आग्रह गरेको हो ।



सङ्क्रमितले प्रयोग गरेका धारा र इनारको पानी, ट्यांकरको पानी लगायतमा हैजाका जीवाणु देखिरहेका छन् । पानी नै हैजा सार्ने प्रमुख माध्यम बनेको छ । हैजा भिब्रिओ कोलरी नामक जीवाणुको सङ्क्रमणका कारण हुन्छ । वर्षायाममा धेरै पानी पर्छ । पानीले थुप्रिएको फोहोर कुहिन्छ र फोहोरबाट निस्कने रस वर्षाको पानीले बगाएर लग्छ । दिसाका जीवाणु इनार वा पानीको मुहानमा मिसिँदा हैजा सङ्क्रमण गराउँछ ।

झाडापखालाको कारणमध्ये हैजाको सङ्क्रमण सबैभन्दा गम्भीर हो । हैजाले छोटो समयमा नै जटिलता ल्याउन सक्छ । काठमाडौं उपत्यकामा भने सन् २०१५ र २०१६ यता हैजाका बिरामी फाटफुट देखिएका छन् । तर काठमाडौं उपत्यका जहिले पनि जोखिम रहेको डा.भुषालको भनाइ छ । -गोरखापत्र)

057-590514
benkatesharts@gmail.com
वेड्कटेश आर्टस्
हेटौंडा-२, कांग्रेस चोक
हाम्रा सेवाहरू:-
- फ्लेक्स प्रिन्ट
- फोटोकपी
- डिजिटल छाप
- परिचय-पत्र
- लेमिनेसन
- कलर प्रिन्ट
- भिजिटिङ कार्ड
- विवाह कार्ड
- प्रमाण-पत्र
- फोटो-फ्रेमिङ्
BIJAYA PAUDEL
9855089866
SAROJ CHAULAGAI
9845455423